नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१४२११७६४
०१४२११६९५
०१४२११६२२
०१४२११७४९
ई-मेलः- info@dop.gov.np/
departmentofprinting@gmail.com
Website: www.dop.gov.np

# झुरा कागजको लिलाम बिक्रीका लागि पुनः शिलबन्दी निवेदन पेस गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः- २०८२/०९/३०)

यस विभागमा आ.व. २०८२/०८३ मा छपाई कार्य पछि छेउ मिलाउन कटिङ्ग गर्दा निस्कने झूरा कागजको प्रति के.जी. न्यूनतम मूल्य रू. ४०/- (चालिस रुपैया) मा नघट्नेगरी बढाबढमा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिक, फर्म वा संस्थावाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन (सातौं दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट) भित्र रू. १०/- को टिकट टाँसगरी प्रति के.जी. झुरा कागजको दररेट उल्लेख गरी रितपूर्वकको शिलबन्दी निवेदन पेश गर्नुहुन तपसिल बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

१. म्याद भित्र पेश भएका शिलबन्दी निवेदनहरू खोल्ने स्थान, मिति र समयः-
   क. स्थानः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं।
   ख. मिति र समयः ८ औं दिन दिनको ११:००बजे। ( सो दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट)
२. शिलबन्दी निवेदनका साथ रू. ८,०००/- नगदै वा धरौटी (राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.:१९६०१००१०२०३०००० ) बापतको बैंक भौचरको सक्कल प्रति पेस गर्नु पर्नेछ। अन्यथा पेस गरिएको निवेदनलाई रितपूर्वकको निवेदन मानिने छैन।
३. लिलाम बिक्री हुने प्रति केजि झूरा कागजको दर सम्झौता गरेको मिति देखि २०८३ आषाढ मसान्त सम्म पटक-पटक गरी विभागका कर्मचारीहरूको रोहवरमा तौल गरी स्वीकृत भएको दररेट अनुसारको रकम आर्थिक प्रशासन शाखामा नगदै बुझाई लैजानु पर्नेछ।
४. झूरा कागज जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्नेछ।
५. अन्य कुराहरू प्रचालित कानून वमोजिम हुनेछ

शाखा अधिकृत